सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

वर्ष: २ | अंक : १२६ | वि.सं. २०७९ मंसिर २० गते मंगलबार | 06, 2022 Tuesday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## ओरिया नदीको अवैध दोहन, सरोकारवाला पक्ष मूकदर्शक



**वीरगञ्ज १९ मंसिर ।** पर्साको जिराभवानी गाँउपालिका वडा नम्बर १ मा पर्ने ओरीया खोलामा भइरहेको बालुवाको अवैध उत्खनन् र तस्करी रोक्न स्थानीयले माग गरेका छन् ।

वडा नम्बर १ बलुवाका स्थानीयले आइतबार गाँउपालिका कार्यालयमा ज्ञापनपत्र बुझाउदै ओरिया खोलामा भइरहेको बालुवाको अवैध उत्खनन् र तस्करी रोक्न माग गरेका हुन् ।

बलुवा गाँउका नेसार समानीको नेतृत्वमा आइतबार गाँउपालिका कार्यालयमा पुगेका स्थानीयवासीले गाँउपालिका कार्यालयमा ज्ञापनपत्र बुझाएका हुन् ।

ओरिया खोलामा तस्करहरुले बालुवाको अवैध उत्खनन् गरि तस्करी गर्दै आइरहेका कारण यसले खोला छेउको खेति योग्य जग्गा मासिनुका साथै बर्षामा बाढिले मानववस्ती नै कटानमा पर्ने भएकाले अवैध उत्खनन् तत्काल रोक्नु पर्ने उनिहरुको माग छ ।

ज्ञापनपत्र बुझदै गाँउपालिकाका कर्मचारीले यस बारेमा गाँउपालिकाले तत्कालै खोलाको स्थलगत अनुमगन गर्ने र उत्खनन् नियन्त्रणका लागि पहल गर्ने आश्वासन दिएको हाम्रा सहकर्मी प्रमोद यादवले जानकारी दिए ।ज्ञापनपत्र बुझाउन गएको टोलीमा बलुवा गाँउका रामलखन प्रसाद , नेयाज मियाँ तेली , शेख नेसार , अमरेश ठाकुर ,रजि अहमद , इजहार मियाँ तेली,शेर महम्मद , सुवास बिन लगायतको पनि सहभागीता थियो ।

## कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा छुट्टयाउनु पर्ने व्यवस्था तत्काल छुट्याउन ध्यान आकर्षण ।



**वीरगञ्ज १९ मंसिर ।** कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा छुट्टयाउनु पर्ने व्यवस्था तत्काल छुट्याई जग्गा जमीनको किता काट गर्नका लागि सम्बन्धित निकायमा पठाउनका लागि नेपाली कांग्रेस पर्सा क्षेत्र न ३(ख)का सचिव राकेश कुशवाहा सहितको टोलीले पकाहामैनपुर गाउँपालिकामा ध्यान आकर्षण पत्र बुझाएका छन् ।सचिव कुशवाहा सहितका टोलीले गाउँपालिका कार्यवाहक अधिकृत सन्तोष सराफलाई भेटी ध्यान आकर्षण पत्र बुझाएको हो । कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा छुट्टयाउनु पर्ने व्यवस्था तत्काल छुट्याईऐन भने जग्गा जमीनको कीता काट रोकिने र किता काट रोकिएको जनताहरूलाई धेरै समस्या भएकोले तत्काल छुट्याउन ध्यान आकर्षण गराइएको उनले बताए।कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा छुट्टयाई २३ गते भित्र बुझाउनु पर्ने भएमा २२ गते भित्र नबुझाएमा ससक्त आन्दोलनमा उत्रने सचिव कुशवाहाले बताए । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी भने अनुपस्थित रहेका थिए ।ध्यान आकर्याण पत्र बुझदै कार्यवाहक अधिकृत सराफले २२ गते हामी कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा छुट्टयाउई समन्धित निकायमा बुझाउने बताएका थिए ।

## १८ औं महिला स्वंयसेविका दिवसको अवसरमा हाजिरी जवाफ प्रतियोगिता



१९ औं महिला सामुदायिक स्वंयसेविका दिवस, पर्साको सखुवाप्रसौनी गाँउपालिकामा पनि विभिन्न कार्यक्रम गरि मनाइएको छ ।दिवसको अवसरमा सखुवाप्रसौनी गाँउपालिकाको स्वास्थ्य शाखाको आयोजनामा सोमबार सन्देशमुलक रयाली निकालिनुका साथै हाजिरी जवाफ प्रतियोगिता पनि सम्पन्न भएको छ ।सखुवाप्रसैनी गाउँपालिका वडा नम्बर २ स्थित स्वास्थ्य चौकीबाट निकालिएको रयाली गाँउको परिक्रमा पछि दिपनरायण आदर्श नमुना माध्यमिक विधालयमा पुगेर समापन भएको थियो । रयाली पछि आयोजित हाजीरी जवाफ प्रतियोगितामा वडा नम्बर १ देखि ६ सम्मका महिला स्वंयसेविकाहरुले भाग लिएका थिए ।हाजिरी जवाफ प्रतियोगितामा प्रथम हुने समुहलाई नगद ५ हजार रुपैया , द्धितीय हुने समुहलाई नगद ४ हजार रुपैया र तृतीय हुने समुहलाई नगद ३ हजार रुपैया पुरस्कार प्रदान गरिएको थियो ।त्यहि अवसरमा महिला स्वंय सेविकाहरुलाई प्रोत्साति गर्न गाँउपालिका अध्यक्ष यशवन्त यादवलले ब्याग, छाता र टर्च लाइट प्रदान गरेको स्वास्थ्य शाखा प्रमुख राजेश रौनियारले जनकारी दिए ।

## मंसिर २८ गते सर्राफको श्रद्धाञ्जली सभा र पुस १ गते सधारण सभा गर्ने निर्णय।

नेपाल पत्रकार महासंघ पर्सा

बिरगंज । नेपाल पत्रकार महासंघ पर्सा शाखाले कार्यसमिति सदस्य एवं कृयाशील युवा पत्रकार स्वं नरेश

बाँकी तेश्रो पृष्ठमा

## पर्साबाट एमालेका विणा शर्मा र काग्रेसबाट राकेश सिंह मात्र समानुपातिकको निर्वाचित सदस्यमा पर्ने ।

**वीरगञ्ज १९ मंसिर ।** मधेस प्रदेश सभा निर्वाचन प्रत्यक्ष को परिणाम आइसकेको छ र समानुपातिक तर्फको सम्पुर्ण मतगणना सकिसकेको छ । मधेस प्रदेश बाट समानुपातिक को मतगणाना सम्पन्न भएता पनि राजनैतिक पार्टी हरुले पेश गरेको बन्दसूची बाट निर्वाचित को घोषणा निर्वाचन आयोगले गरेको छैन ।

४३ सिट रहेको समानुपातिक मा राजनैतिक पार्टीहरुलाई प्राप्त मत अनुसार काग्रेस ले ९, एमाले ले ८, जनमत पार्टी ले ७, जसपाले ६, माओवादी केन्द्रले ४. एकीकृत समाजवादी ले ३, लोसपाले २, राप्रपा नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टी ले १/१ सिट पाउने भएको छ । समानुपातिक




निर्वाचनबाट नेकपा एमालेबाट पल्टी देवी यादव, फुलों कुमारी देवी, विना देवी शर्मा, राजपती देवी पासवान, , जैनव खातुन, पल्टी देवी महरा, मन्जु कुमारी थापामगर र जयचन्द प्रसाद पटेल निर्वाचित हुनेछन्।

काग्रेसबाट रेखा ठाकुर, जिवछी कुमारी यादव, इन्द्र कुमारी साह, अन्जना पण्डित, शकुन्ती देवी महरा, नुरुल नेसा, मीना कुमारी लामा, कुमार कान्त झा, राकेश कुमार सिंह को नाम तय छ । जनमत पार्टी बाट बविता कुमारी राउत, अनिता कुमारी साह, रन्जु कुमारी मण्डल, सपना दर्जी, चन्दन कुमार सिंह, ऋषिकेश ठाकुर र सत्य नारायण खत्वे रहेको छ जसपा बाट विन्दु कुमारी यादव, किरण कुमारी साह, शोभा देवी देव, ललिता दास, सहिदा खातुन, मनिष कुमार सुमन को नाम पर्ने निश्चित छ ।

माओवाद केन्द्रबाट विन्दु कुमारी यादव, माला कर्ण, शारदा पहारी, झलकु यादव छन् । एकीकृत समाजवादीबाट सीता कुमारी साह, रत्नेश्वर गोइत, सुरेन्द्र लाल कर्ण को नाम रहेको छ लोसपाको रुपा कुमारी यादव, अन्जु देवी बैठा राप्रपाबाट शम्भु प्रसाद यादव नेपाल संघीय समाजवादी बाट मोहम्मद मोसाहिद हुसैन र नागरिक उन्मुक्ति बाट उर्मिला देवी सिंह को

बाँकी तेश्रो पृष्ठमा



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# समन्वय र संवेदनशीलता खोज्दै सुकुम्बासी बस्तीहरु

**शृङ्खला खतिवडा**

सुकुम्बासी बस्ती अथवा अनौपचारिक बस्ती जे नाम दिऔं, विश्वभरि हरेक उदाउँदो सहरले भोग्ने प्रमुख समस्याहरूमध्ये पर्छ यो; काठमाडौंको पनि । यसको समाधान के हो ? यस्ता बस्तीहरूको कसरी विकास हुन्छ ? यहाँ बस्ने व्यक्तिहरू साँच्चै सुकुम्बासी हुन्छन् ?

के हाम्रो कल्पनाको 'सफा र सुन्दर' काठमाडौंमा यस्ता सुकुम्बासी बस्तीहरूका लागि ठाउँ छ ?

कुनै पनि सहरलाई विकास हुँदै गर्दा विभिन्न जनशक्तिको आवश्यकता पर्छ । औपचारिक क्षेत्रमा काम गर्ने ब्यांकर, डाक्टर, शिक्षक, इन्जिनियरदेखि अनौपचारिक क्षेत्रमा काम गर्ने नाई, दर्जी, ड्राइभर, घरेलु कामदार, सुरक्षा गार्ड, दैनिक ज्याला-मजदुरी गर्ने कामदारसम्म । सहर जति विकास हुँदै जान्छ, सहरको जनसंख्या उति बढ्छ र त्यो जनसंख्यालाई सेवा दिने जनशक्तिको माग पनि ।

माग बढेसँगै आवासको सोही अनुपातमा विकास हुन नसक्दा आवास र घरभाडाको मूल्य बढ्न जान्छ जुन हामीले काठमाडौंसँगै पोखरा, चितवन लगायतका सहरहरूमा देख्दै-भोग्दै आइरहेकै छौं । तर विडम्बना, सिटी सेन्टरमा अर्थात् जहाँ जनशक्तिको सबैभन्दा धेरै आवश्यकता पर्छ, त्यहीँ मजदुर वर्गले आवास तथा घरभाडा धान्न सक्दैन ।

अहिले गाउँमा जग्गा हुनेहरू पनि सहरमा सुकुम्बासी भएर बसेका छन् भन्ने व्यापक छ । गाउँमा जग्गा भएका र नगद प्रवाहको अभावमा न्यून स्तरको जीवन बाँचिरहेका व्यक्तिहरू अवसरको आशामा सहर पस्छन् । विश्वभरि नै न्यून आय भएको मजदुर वर्गले घरभाडा धान्न मुस्किल हुँदा सुकुम्बासी बस्तीको सहारा लिइरहेको पाइन्छ । काठमाडौंमा पनि सुकुम्बासी बस्ती अस्तित्वमा आउनुको कारण यस्तै होला भनी अनुमान लगाउन सकिन्छ ।

अनि यस्ता बस्तीहरूमा एक-दुई हुँदै सयौं परिवारको बसोबास हुन पुग्छ र ती सांगठनिक रूपमा पनि बलिया हुँदै जान्छन् । समयसँगै तीमध्ये केही सुविधासम्पन्न घर बनाउनयोग्य भइसकेपछि पनि सुकुम्बासी बस्ती छोड्न मान्दैनन् भने केही बाहिरका आफ्ना घर भाडामै लगाएर पनि सरकारी जग्गा हडपेर बसिरहन्छन् ।

यस्ता घटनाहरूलाई पनि, विश्वका सुकुम्बासी बस्तीहरूको प्रवृत्ति हेर्दा, नौलो मान्न सकिन्न । विश्वमै सुकुम्बासी समस्या समाधान नहुनुमा यस्ता केही प्रतिशत नक्कली सुकुम्बासीहरूको पनि योगदान छ ।

काठमाडौंको थापाथलीमा वाग्मती किनारका सुकुम्बासीको मुद्दा सन् २०१२ मा बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा चरम विन्दुमा पुगेको थियो । त्यस बेला सरकारको आदेशमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले सुकुम्बासी बस्तीमा डोजर चलाउँदाका २५० टहराका १,००० व्यक्ति बासविहीन भएका थिए र ती परिवारको व्यवस्थाका लागि सन् २०१२ मै बालाजुको रानीवननजिकै तीन कोठाका २२७ अपार्टमेन्टसहितका पाँचवटा भवन बनाइए । तर त्यो परियोजना असफल हुन पुग्यो । सुकुम्बासीहरू त्यहाँ सर्न मानेनन् र ती भवनहरू जीर्ण बन्दै गए ।

सन् २०१२-१४ मा ती भवनहरूको निर्माण सकिँदा अहिलेको नागार्जुन नगरपालिकास्थित त्यो ठाउँ काठमाडौंको सिटी सेन्टरबाट निकै टाढा थियो । त्यहाँ अपार्टमेन्ट कम्प्लेक्सबाहेकको बस्ती निकै पातलो थियो, सार्वजनिक यातायातको सुविधा पनि थिएन । कुनै पनि समुदायलाई चाहिने आधारभूत पूर्वाधार नभएको र रोजगारीको अवसरबाट टाढा ठाउँमा सुकुम्बासीहरूलाई सार्न खोजिएको थियो । सुकुम्बासी समस्या व्यापक भएका विश्वका अरू सहर – मुम्बई, रियो डी जेनरियो, ब्युनस आयर्स आदि – का केस स्टडी हेर्दा, सहरी समुदायभन्दा पर बनाइएका आवास क्षेत्रहरू प्रायः असफल नै भएका छन् । सुकुम्बासी बस्तीमा बस्ने अधिकांशको काम सिटी सेन्टरमा हुन्छ । उदाहरणका लागि, मुम्बईका अनौपचारिक/सुकुम्बासी बस्तीहरूमा बस्ने डब्बावाला, कुली, ठेलावाला, गार्ड, घरेलु कामदार अधिकांशले सहरका औपचारिक क्षेत्रहरूलाई सेवा दिन्छन् ।

त्यसैले काठमाडौंमा पनि सिटी सेन्टरबाट टाढा लैजान खोज्दा रोजीरोटी खोसिने भएकाले थापाथलीका सुकुम्बासीहरूले सन् २०१४ मा स्थानान्तरणप्रति अनिच्छा देखाएका हुन सक्छन् । ती अपार्टमेन्टहरू निकै साना (लगभग २०० स्क्वायर फिटका) र विद्यालयबाट टाढा हुनुलाई पनि त्यसको कारक मान्न सकिन्छ ।

तर, द्रुत सहरीकरणका कारण अहिले त त्यही ठाउँमा पनि बस्ती घना भइसकेको छ र त्यहाँ अहिले घडेरीहरू आनाकै ४० लाख रुपैयाँभन्दा बढी पर्ने भइसकेको छ ।

अर्को कारक, 'निम्बिइज्म' (नट इन माई ब्याकयार्ड प्रवृत्ति) हुन सक्छ । त्यो क्षेत्रमा अहिले धेरैजसो हुनेखाने वर्गको बसोबास भइसकेको छ र तिनले आफ्नो छिमेकमा सुकुम्बासी समुदाय नआओस् भन्ने चाहेका होलान् । आखिर, मतदाताहरूको अनिच्छा भएपछि जनप्रतिनिधिहरूले यो विषयलाई अगाडि बढाउने कुरै भएन ।

ती भवनहरूले अहिले थोरै सास पाएका छन् । देशभरिका सडक मानवहरूलाई प्रश्रय दिने मानव सेवा आश्रमले अहिले ती पाँचमध्येको एउटा भवनको उपयोग गर्दै आएको छ र सयौं सडक मानवलाई बसोबास र आश्रय दिइरहेको छ । भवनको वास्तविक उपयोगको दीर्घकालीन समाधान नखोजुन्जेल त्यहाँबाट आश्रमले दिइरहेको सेवालाई अन्यथा मान्नु हुँदैन ।

त्यसो भए सुकुम्बासी समस्या कसरी समाधान गर्ने त ? फेरि पनि हामी विश्वका अरू सहरबाट केही पाठ सिक्न सक्छौं । एउटा 'समर' मा हामीले अर्जेन्टिनाको राजधानी ब्युनस आयर्सको महानगरपालिकासँग सहकार्य गर्ने अवसर पायौं । हाम्रो जिम्मेवारीमा त्यहाँको सबैभन्दा धेरै सुकुम्बासी बस्ती भएको क्षेत्र पर्थ्यो ।

हाम्रो साइटभित्र ब्यारिओ थर्टी वन नामको सुकुम्बासी बस्ती पनि पर्थ्यो जुन संसारभरि नै सुकुम्बासी बस्तीको नमुनाका रूपमा चिनिन्छ । बाक्लो सुकुम्बासी बस्तीलाई सहरको औपचारिक हिस्सामा बदल्ने मुख्य आधार भनेको पूर्वाधारको विकास हो । आईडीबी र विश्व बैंकको आर्थिक सहयोग रहेको त्यो आयोजनाको लक्ष्य हरेक घरमा ढल, बाटो, बत्ती, पानी, हावा, घाम र खुला ठाउँको पहुँच पुऱ्याउनु थियो ।

यसका लागि सर्वप्रथम सम्बद्ध समुदायलाई सहरी योजनाविद् र इन्जिनियरहरूसँगै बसाएर नयाँ नक्सा तयार पाऱ्यौं, जसमा बाटो खोल्न भत्काउनुपर्ने घरहरूजस्ता पूर्वाधार विकासका लागि आवश्यक पर्ने परिवर्तनहरूलाई रेखांकन गरिएको थियो ।

त्ससँगसँगै हरेक टहरा-घरबाट तथ्यांक संकलन गऱ्यौं; कुन टहरा-घरमा कति जना बस्छन्, उनीहरूको पुनःस्थापनाका लागि कत्रो घर चाहिन्छ भन्नेमा निश्चित हुन सकियो । पुनःस्थापना हुने हरेक घर-परिवारसँग समन्वय गर्न समूह छुट्यायौं, जो उनीहरूसँग निरन्तर सम्पर्कमा रहिरहे । भत्काउनुपर्ने भनी रेखांकन गरिएका तर त्यो बस्ती छोड्न अनिच्छुक घरहरूलाई छिमेकीसँग सट्टापट्टाको विकल्प दिइयो ।

पुनःस्थापना हुने घरपरिवारहरूलाई नयाँ बन्ने अपार्टमेन्टमा पनि आफ्ना छिमेकी छान्ने सुविधा दिइयो । यसरी ब्यारियो

बाँकी तेश्रो पृष्ठमा

# अब सरकार कसको, संसद् कस्तो ?

**कृष्ण खनाल**

चुनाव सकियो । परिणाम थोरै भए पनि हलचलदायी भएको छ । रवि लामिछानेको नेतृत्वमा केही महिनाअघि मात्र बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थापित पुराना पार्टी कांग्रेस र कम्युनिस्टलाई काठमाडौं उपत्यका र चितवनमा पछाडि धकेल्यो, अरू कतिपय निर्वाचन क्षेत्रमा कडा प्रतिस्पर्धामा उत्रियो र मुलुकको राजनीतिमा चौथो शक्तिका रूपमा उदाएको छ ।

मधेशमा जनमत र नागरिक उन्मुक्तिजस्ता नयाँ पार्टी पनि आएका छन् । समग्रमा यथास्थितिको राजनीतिप्रति मतदाता असन्तुष्ट छन्, नयाँ नेतृत्व र अग्रसरता चाहन्छन् भन्ने स्पष्ट सन्देश यो चुनावले दिएको छ । साथै राजावादी शक्तिका रूपमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले पनि यस पटक उपस्थिति देखाउन पाएको छ । रास्वपाले प्रदेश खारेजी र राप्रपाले राजतन्त्रको मुद्दा उठाए पनि चुनावी मत गणतन्त्र लगायत संविधानका आधारभूत मूल्यविरुद्ध छैन । सत्ताका खेलाडी थपिएका छन्, यद्यपि राजनीति मूलतः नेपाली कांग्रेस र नेकपा एमालेकै प्रभुत्वमा छ । नवनिर्वाचित संसद्को कार्यकाल, गतिविधि र सरकारको स्वरूप पनि यिनैवरिपरि ध्रुवीकृत हुने निश्चित छ । एकाध पात्रको परीक्षाबाहेक नयाँपनको अनुभूति गर्न सकिने सम्भावना भने ज्यादै न्यून छ । पहिले सरकारकै कुरा गरौं । सरकार बनाउन प्रतिनिधिसभामा बहुमत चाहिन्छ । कुनै एक दलको मात्र बहुमत हामीले अपनाएको चुनाव पद्धतिमा असम्भव त नभनौं, सहज छैन । दुई वा सोभन्दा बढी दल मिले मात्र बहुमत बन्छ । यो चुनावमा कसले बहुमत ल्याउने र सरकार बनाउने भन्नेमा दुई विकल्प थिए । एकातिर कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, लोसपा र राष्ट्रिय जनमोर्चाको पाँचदलीय अर्थात् सत्ता गठबन्धन थियो भने अर्कातिर एमाले, जसपा, राप्रपा र राप्रपा नेपालको चारदलीय विपक्षी गठबन्धन । सिट बाँडफाँटमा कुरा नमिलेपछि मनोनयन दर्ताको पूर्वसन्ध्यामा जसपा सत्ता गठबन्धनबाट अलग्गिएर एमाले गठबन्धनमा पुग्यो भने लोसपा सत्ता गठबन्धनमा । चुनावमा केही अपवादबाहेक यिनै दुई गठबन्धनबीच नै मुख्य प्रतिस्पर्धा भयो । कांग्रेस नेतृत्वको गठबन्धनले सबैभन्दा बढी सिट जितेको छ, तथापि बहुमतका लागि दुई-तीन सिट नपुग हुने स्थिति छ । सीके राउत नेतृत्वको जनमत पार्टीले सत्ता गठबन्धनलाई साथ दिने भएपछि एमाले नेतृत्वको गठबन्धनले सरकार बनाउने सम्भावना अहिलेलाई रहेन । सरकारको स्वरूप कस्तो हुन्छ भन्नेमा प्रतिनिधिसभाको गणित मात्र पनि निर्णायक नहुन सक्छ; राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, प्रदेश सरकारको नेतृत्व लगायतका विषयले प्रभाव पार्ने निश्चित छ ।

चुनावका बेला एमालेले मात्र प्रस्टसँग अध्यक्ष केपी ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको थियो, तर परिणाम त्यस अनुकूल भएन । सत्ता गठबन्धनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड आफैंले मुख फोरेका थिए, 'फेरि प्रधानमन्त्री हुने रहर छ' भनेर । बहालवाला भएकाले शेरबहादुर देउवा बोलेनन्, न प्रचण्डको प्रतिवाद नै गरे । उनका सहयोगीहरूले देउवा नै प्रधानमन्त्री हुने हुन् भनिरहे, अहिले पनि भन्दै छन् । चुनाव अभियानका बेला प्रधानमन्त्री बन्छु भनेर जसले दाबी गरे पनि स्वाभाविक मानिन्छ । त्यो प्रचार रणनीति हो । प्रमुख प्रतिस्पर्धी दलहरूले चुनाव अभियानको नेतृत्व र चुनावपछि सरकारको नेतृत्व गर्ने व्यक्तिबारे खुलस्त पार्न सक्नुपर्छ । तर हाम्रा चुनावहरूले लोकप्रिय नेतृत्व चयन गर्ने ठाउँ नै पाएका छैनन् । दलभित्रको गुट नै नेतृत्वको निर्णायक आधार बन्दै आएको छ । चुनावपछि प्रधानमन्त्री को हुने भन्नेमा अलमल र विवाद अनपेक्षित हो ।

चुनावमा अन्तर्निहित मतदाता-सन्देशलाई बुझ्ने हो भने देउवा, ओली र प्रचण्डले तीनै जना फेरि प्रधानमन्त्री बन्ने खेलमा लाग्नुभन्दा विश्राम लिएर नयाँ नेतृत्वका लागि बाटो खुला गरिदिए हुन्छ । यो चुनाव परिणामले तीनै जनाको राजनीतिक उचाइ बढाएको छैन, बरु घटाएको छ । माथि-माथि सत्ता फेरबदलको खेलमा रमाउने प्रचण्डको नेतृत्व खुला चुनावी प्रतिस्पर्धाका लागि पटकपटक अक्षम प्रमाणित भइसकेको छ । त्यस्तोलाई नेतृत्वको गतिशीलता भन्न मिल्दैन । माओवादीको पार्टीगत हैसियत प्रचण्डको छायाभन्दा बढी देखिएन । ओलीको नेतृत्वले अघिल्लो संसद्मा न बहुमत जोगाउन सक्यो, न विभाजनपछि पनि संसद्मा सबैभन्दा ठूलो दल रहेको एमालेको त्यो हैसियत रहने भयो । समानुपातिकमा केही मतले पहिलो छौं भनेर दाबी गर्नुको कुनै तुक छैन । वास्तवमा उसले सात प्रतिशत लोकप्रिय मत गुमाएको छ, जुन सामान्य होइन । यस्तै, कांग्रेसले प्रत्यक्षतर्फ सिट बढाएर सबैभन्दा ठूलो दल भए पनि यसले एमालेकै हाराहारीमा समानुपातिक मत गुमाएको छ । दुवै दलले समानुपातिकतर्फ पहिलेभन्दा ६ सिट कम पाउने निश्चित छ । यसको जिम्मेवारी नेतृत्वमा बस्नेहरूले लिनैपर्छ । यी तीनै जनाका लागि राजनीतिक विश्रामको योभन्दा उचित मौका अर्को उपलब्ध हुनेछैन ।

प्रधानमन्त्रीका लागि सत्तारूढ

बाँकी तेश्रो पृष्ठमा

# कहिले सुक्ला भ्रष्टाचारको नदी ?

**बशिरा**

कहिले हराउला खुट्टा तान्ने प्रवृत्ति ! अनि राम्रोलाई होइन, हाम्रोलाई राम्रो देख्ने दृष्टि ! भनिन्छ, मानिस ज्ञानले पूर्ण र सीपले निपुर्ण कहिल्यै हुँदैन। केही खोट र दोषहरू त जोकोहीसँग होलान् र हुन्छन् नै। सर्वसाधारण नागरिक के चाहन्छन् ? न सरकार जान्दछ, न कुनै राजनीतिक दल। बाँड्न त विभिन्न शीर्षकमा राज्यले जनतामा विकास बाँडिरहेकै छ। यो विकास केवल तिर्खालुलाई चिउरा बनेको छ। नबनेका होइनन् लामा र चौडा सडकहरू अनि नदीखोलामा पुलहरू। फरक यति मात्र हो, सडक नपुगेको ठाउँमा पनि पुल बनेकै छन्।

विकास के हो ? कसरी बुझ्ने, कसरी परिभाषित गर्ने ?

सरकारका निर्णयहरू कुनै नयाँ हुँदैनन्। न दलका नेताहरूका चुनावी एजेन्डा। सरकार फेरिन्छन् तर फेरिँदैन प्रवृत्ति। किन बन्दैनन् दीर्घकालीन योजनाहरू, दिगो विकासका धरोहरहरू ? योजना बनिहाले पनि किन पूरा हुँदैनन् ! भइहाले पनि समयमै किन हुँदैनन् ? कहीँ डिजाइन त्रुटि, कही बजेटको अपर्याप्तता, कतै दक्ष जनशक्तिको अभाव, कतै आर्थिक अनियमितता अनि मिलेमतोका स्वार्थहरू। यस्ता कमी, कमजोरी र स्वार्थको तलाउमा कति योजना अधकल्चो अवस्थामा छन् ? सायद आफ्नो नेतृत्वलाई हेरेर योजना ल्याएर पो हो कि ! इगोको नतिजा पो हो कि ! सरकार परिवर्तनसँगै अघिल्लो सरकारले ल्याएका योजनाहरूमा अल्पविराम, पूर्णविराम लाग्ने गरेको पनि छ। विनियोजित बजेटहरूमा समेत संशोधन हुने गरेका छन्। जुनै दलबाट सरकार बने पनि सरकार त नेपाल र समग्र नेपालीको हुनुपर्ने हो। यहाँ सरकारलाई दलीय नाम दिइन्छ। दलीय कार्यकर्ताकै पहुँच हुन्छ। अनि सुरु हुन्छ, विकासका योजनाहरूमा छेडखानी। दलीय राजनीतिमा सरकार परिवर्तन हुनु कुनै नौलो होइन। लोकतन्त्रको सुन्दर पक्ष पनि हो यो। तर दलीय नेताहरू आफ्नै राजनीतिक धार र अवधिमा ढुक्क छैनन्। आफैंप्रति विश्वस्त छैनन्। कतिपयहरूलाई त कति बेला कुन धारमा परिवर्तन हुनुपर्ने हो, भर छैन।

कर्मचारी तन्त्रलाई स्थायी सरकारको रूपमा लिने गरिन्छ। सरकार परिवर्तन भइरहन्छ तर राष्ट्रसेवक कर्मचारी सेवामा निरन्तर रहिरहन्छन्। सेवामा रहने सर्त तथा सेवाअवधि निश्चित गरिएको छ। राष्ट्रसेवक कर्मचारीहरूमा आएको विचलनले मुलुकलाई दूरगामी असर पुऱ्याउँछ ।

वर्तमान संविधानले राजनीतिक दल र सरकारलाई हरेक पाँच वर्षमा नयाँ जनादेशमा जानुपर्ने व्यवस्था गरेको छ। तर कर्मचारी नियुक्तिपश्चात् स्थायी छ। राजनीतिक दल र तिनका नेतृत्वले लिएका निर्णयहरू अर्को अमुक दल तथा नेतृत्वबाट सच्चिन सक्छ। विकासका नाराहरूलाई खोक्रो या भरिलो राख्ने, स्थायी सरकारको रूपमा रहेका राष्ट्रसेवकमा पनि अंशभाग पर्छ।

कर्मचारीले सरुवा माग्छ राम्रो अर्थात् चार्मिङ ठाउँमा। माथिबाट सरुवा गरिदिन्छ अनि भन्छ, तिमीलाई राम्रो ठाउँमा पठाइदिएको छु। यहाँ चार्मिङको सिलाइ च्यालेन्जको रूपमा न लिइन्छ न दिइन्छ।

कर्मचारीका लागि कुन ठाउँ (दरबन्दी) राम्रो कुन नराम्रो ! एउटै परिभाषामा बाँध्यो भने वास्तविक राष्ट्रसेवामा जीवन अर्पण गरेका राष्ट्रसेवकप्रति अन्याय हुन्छ। यहाँ कमाउ र रमाउ भन्नेहरू कम छन्। बाँच्नका लागि खाने र खानका लागि बाँच्नेहरूमा आ-आफ्नै परिभाषा आउने नै भए। कहीँ आवश्यकताले सोच पैदा गर्छ त कहीँ महत्त्वकांक्षाले। सोचले नियत र नियतले कार्य अनि कार्यले परिणाम। बदनियत भ्रष्टाचारको बिज हो।

संविधान ऐन कानुन र कार्यविधिको परिधिमा रही राज्य सञ्चालन व्यवस्थाप्रति तटस्थ रहेर राज्य सञ्चालनमा सघाउ पुऱ्याउन पर्ने राष्ट्रसेवकको दायित्व रहन्छ। राजनीतिक नेतृत्वबाट लिइने निर्णय तथा प्रतिबद्धताहरूले प्रशासन संयन्त्रलाई सबल एवं चुस्त दुरुस्त तथा प्रभावकारी बनाउँछ।

राजनीतिक नेतृत्वको सबलता र प्रतिबद्धतासहितका कार्यान्वयन पक्षहरूमा प्रशासन यन्त्रको गतिशील सक्रियता नै सुशासनको आधार हो। राजनीति र प्रशासन संयन्त्रबीचको सम्बन्धमा गाँसिएका बदनियतपूर्ण स्वार्थहरूले भ्रष्टाचारलाई जन्माउँछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण र कारबाहीमा सक्रिय पनि छ ।

एउटै कार्यालयसँग सम्बद्ध उजुरी पटकपटक तेर्सिन्छन्। अनुसन्धान हुन्छ। मुद्दा दायर भएका पनि छन्। तर त्यो कार्यालयबाट सम्पादन हुने काम जिम्मेवारी भने जस्ताको तस्तै। आरोपित भइने डरभन्दा पनि आशीर्वाद र आश्वासनहरूको भरले निर्धक्क बनाएको पो हो कि ! मुद्दा दायर भएका कति प्रतिवादीहरूले मुद्दा जितेर पनि आउँछन्। तर सच्चिने बाटोमा कमै देखिन्छ। सधैं उही प्रणाली, उही शैली ! क्यालेन्डरहरूमा फेरिए, तर फेरिएन प्रवृत्ति।

भ्रष्टाचार मौलाउनुमा दोषी को ? सुध्रिन नचाहनेहरूको जमात कि सुधार्न नसक्ने त्यो नीति ! कतै नागरिकका आधारभूत आवश्यकताहरू नै तगारो बनिरहेका त छैनन्।

देशलाई समृद्ध र सुन्दर बनाउने नीति राजनीति नै हो। राजनीतिक निर्णय र दरिलो कार्यान्वयन प्रणालीले सुशासन कायम हुन्छ। लेखिएका नीतिसँगै व्यावहारिक वाचा र अठोटहरूले हो विकासका पानाहरू भर्ने। समृद्धिका रेखाहरू कोर्ने ।

राज्यका सबै सरोकार निकायको इच्छाशक्ति बिना सुशासन कायम हुन सक्ने होइन। सम्पूर्ण

बाँकी अन्तिम पृष्ठमा

## समन्वय.......

थर्टी वनको समूहले शान्तिपूर्ण रूपमा सबैलाई मनाउन सफल भयो ।

सुकुम्बासीहरूको भरोसा जित्ने अर्को मुख्य कारण सँगसँगै भैरहेको भवन निर्माण थियो, जसले गर्दा घर भत्काइनेमा पर्नेहरू पनि नयाँ अपार्टमेन्ट पाउने वाचा झुटो नभएकामा विश्वस्त भइरहे । यसरी धैर्य, हरेक परिवारप्रतिको संवेदनशीलता र सामुदायिक समन्वयबाट अनौपचारिक सुकुम्बासी बस्ती औपचारिक र सुविधासम्पन्न बस्तीमा परिणत भयो । ब्युनस आयर्सको सफलताबाट काठमाडौंले सिक्न सक्ने पाठ हुन्– परिवर्नतनका निम्ति धैर्य, हरेक परिवार फरक र 'युनिक' हुन्छन् भन्ने बुझाइ, समुदायबाट जितिएको विश्वास, टिमवर्क र समुदायसँग निरन्तर द्विपक्षीय संवाद । उक्त योजनाको नमीठो पक्ष भनेको बजेट रह्यो, जुन समय लम्बिँदा अपेक्षितभन्दा धेरै माथि पुग्यो ।

थापाथलीको सुकुम्बासी बस्तीमा भएको झडप र आन्दोलन हेर्दा, सरकार पक्षका पनि केही कमजोरी देखिन्छन् । पुनःस्थापनाको योजनाबिना, जाडो मौसमको मुखमा, विद्यालयको शैक्षिक सत्रको बीचैमा अनि विस्थापनका लागि पर्याप्त समय र क्षतिपूर्ति नदिई चलाइएको डोजरले दिएको स्पष्ट सन्देश हो–सुकुम्बासी बस्ती अवैध हो र यहाँका बासिन्दा कानुनबाहिर भएकाले उनीहरूमाथि सरकारको कुनै दायित्व छैन । यसरी वर्षौंदेखि बसोबास गर्दै आएका जनताले डोजरविरुद्ध देखाएको प्रतिरोधलाई पनि अनौठो मान्न मिल्दैन । यस्ता अभ्यासले सरकार र भूमिहीनबीचको दूरी अझै बढ्ने र पुनःस्थापनाको प्रक्रिया जटिल बनाउने जोखिम बढ्छ ।

काठमाडौं आफैंमा एउटा अनौपचारिक सहर हो जहाँ अझै पनि धेरै ठाउँमा ढल, पानी, सडकजस्ता आधारभूत सुविधा पुग्न सकेका छैनन् । त्यसमाथि खुला ठाउँ र पार्कजस्ता जीवनस्तर बढाउने विकास हुने त कुरै भएन । घरभाडा सम्बन्धी कानुन निकै कमजोर छ; घरमा प्रतिव्यक्ति न्यूनतम वर्गफिट, घरभाडामा दिनुअघि हुनुपर्ने आवश्यक पूर्वाधार, घरभाडा सम्बन्धी सम्झौता, घरमा हावा र घाम छिर्ने अवस्था, भवनको उचाइजस्ता जीवनस्तरका मापदण्डहरूको पालना हुन सकेको छैन । उपर्युक्त मापदण्डमध्ये केही त भवन निर्माण संहितामा उल्लेख पनि छैनन् ।

कुनै पनि मेयरको सपनाको सहर पक्कै पनि व्यवस्थित र नियममा चल्ने हुनुपर्छ । यसरी सहर औपचारिकतातर्फ बढ्दै गर्दा घरजग्गा महँगो हुने र घरभाडा पनि बढ्नेछ । त्यसमाथि सहरी जनसङ्ख्या वृद्धिसँगै मजदुर वर्गका लागि सहर थेग्नै नसक्ने गरी महँगिनेछ, सँगसँगै मजदुर वर्गको माग भने सिटी सेन्टरमा झनै बढ्नेछ । सहरीकरणको प्रवृत्ति हेर्दा संसारको ७० प्रतिशत जनसङ्ख्या सन् २०५० सम्ममा सहरमा बसोबास गर्ने आकलन छ ।

काठमाडौंजस्ता सहरहरूको सुकुम्बासी समस्याको दीर्घकालीन समाधान खोज्ने हो भने आजैदेखि मजदुर वर्गका लागि सहरभित्रै घर/घरभाडामा सहुलियत, भाडा नियन्त्रणजस्ता नीतिहरू बनाउन जरुरी छ । नभए सुकुम्बासी समस्या अझै विकराल बन्न सक्छ ।

सुकुम्बासीप्रति आम जनताको धारणा पनि बढी नकारात्मक छ । नेपालजस्तो गरिब देशमा सहरको मुटुको, अति महँगो जग्गा अतिक्रमण हुन्छ भने यस्ता प्रतिक्रिया आउनु स्वाभाविक पनि हो । सामाजिक सञ्जालहरूमा आएका कति तस्बिरहरूमा कथित सुकुम्बासीहरू महँगा ज्याकेट र मोटा सुनका सिक्रीमा सजिएका देखिन्छन् । यस्ता पात्रहरू अगाडि आउँदै गर्दा हामीले के बिर्सनु हुँदैन भने, यिनले सबै सुकुम्बासीको प्रतिनिधित्व गर्दैनन् । हरेक घरको तथ्यांक नहेरी केही तस्बिर र भिडियोका भरमा सटीक आकलन गर्न सकिँदैन । अर्को महत्त्वपूर्ण कुरा, प्रायः अघि सर्ने र मिडियामा चर्को बोल्नेहरू समुदायविशेषका बलिया र अगुवा नै हुन्छन्, जो थापाथली सुकुम्बासी बस्तीको सन्दर्भमा राजनीतिक आडमा त्यस्तो भएका हुन सक्छन् । वास्तविक सुकुम्बासीहरूको आवाज दबिएको हुन्छ, किनकि उनीहरूले आफूलाई कमजोर नै ठानिरहेका हुन्छन् ।

यी सबबीच हामी र हाम्रा जनप्रतिनिधिहरूले वास्तविक भूमिहीनको पहिचान गरी उनीहरूका लागि उपयुक्त वैकल्पिक आवासको व्यवस्था गर्न जरुरी छ । प्रक्रियामा सबैको राम्रो समन्वय हुनुपर्छ र हरेक निर्णयमा अधिकतम संवेदनशीलता अपनाउनुपर्छ । स्थानीय बासिन्दाले पनि हामीले कल्पना गरेको सुन्दर काठमाडौंमा हरेक वर्गका लागि ठाउँ हुनुपर्छ र समाजको कमजोर समुदायको मर्म सबैले बुझिदिनुपर्छ भन्ने बिर्सिनु हुन्न । वाग्मती किनारको सुकुम्बासी समस्या धेरै जटिल भइसक्यो जुन डोजरजस्ता 'एक्सन' बाट निकासमा पुग्न सक्दैन । दिगो उपचार नखोज्दा समस्यामाथि राजनीतीकरणका लागि ठाउँ फराकिलो हुँदै जान्छ र समाधान झनै जटिल बन्छ । जनप्रतिनिधिहरूले हतारो नगरी निकास खोज्न जरुरी छ । वास्तविक भूमिहीनको पहिचान र तिनको पुनःस्थापना, द्वन्द्व समाधानका लागि बहुपक्षीय वार्ताहरू (जसमा वर्षौं पनि लाग्न सक्छ) र नयाँ जमिन अतिक्रमण हुनबाट रोक नै अबको मुख्य एजेन्डा हुनुपर्छ ।

वर्षौंदेखिका सुकुम्बासी बस्तीहरूले जटिल र गहिरो जरा गाडिसके, जुन राजनीतिक, आर्थिक र मानसिक रूपमा झाँगिइसके । अब यिनलाई कानुनी र सामाजिक पक्षको श्याम-श्वेत आँखाले हेरेर मात्र पुग्दैन । एक वर्ष, दुई वर्ष, तीन वर्ष अथवा पाँचै वर्ष किन नलागोस्, समस्याको उचित, शान्तिपूर्ण र दीर्घकालीन समाधान खोज्नुपर्छ । कानुनी आँखाले मात्र समाधान खोज्दा झाँगिएका जराले अरू थुप्रै रूख उखेल्न सक्छन् । त्यसैले यसबारे तीनै तहका सरकार र जनप्रतिनिधिहरूले उचित समन्वय र संवेदनशीलता देखाउनु जरुरी छ । खतिवडा अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा सहरी योजना विषयमा स्नातकोत्तर अध्ययनरत छिन् ।साभार : कान्तिपुर

## अब सरकार....

गठबन्धनमा कांग्रेस र माओवादी दुवैको दाबी छ । दुई दलबीच आलोपालोको कुरा पनि छ । सबैभन्दा ठूलो दलको हैसियतमा सरकारमा कांग्रेसको नेतृत्व स्वाभाविक मानिन्छ, तर गठबन्धनको ठूलो साझेदार दल माओवादी पनि भएकाले पूरै पाँच वर्ष कांग्रेसले मात्र सरकारको नेतृत्व गर्ने कुरा जायज होइन । माओवादीले पनि सरकारको नेतृत्व गर्ने पालो पाउनुपर्छ भन्ने दाबीलाई उपेक्षा गर्न मिल्दैन । तर प्रचण्ड र देउवाकै निरन्तरतामा आलोपालो प्रधानमन्त्रीको पनि कुनै तुक छैन । गठबन्धनमा सत्ता साझेदारी स्वाभाविक हो; यो स्वस्थ, पारदर्शी र विवेकसम्मत हुनु आवश्यक छ । त्यसो भएमा गठबन्धन पनि विश्वसनीय र टिकाउपूर्ण हुनेछ, र अपेक्षित गठबन्धन संस्कृतिको विकास हुन सक्छ । तर यहाँ विश्वासको संकट छ, धोकाका आशंकाहरू छन् । पहिलो बाजी मार्नु नै सफलता र आफू टिक्ने आधार मानिन्छ । त्यही दुर्घटनाको सिकार भयो माओवादी-एमाले सहयात्रा । तुलनात्मक रूपमा कांग्रेस-माओवादी सहयात्रा बढी विश्वसनीय साबित भएको छ । यदि विश्वासिलो वातावरण बनाउने हो भने संसदीय दलमा नयाँ नेतृत्वसहित आउन सके पहिलो पालो माओवादीलाई दिनु उपयुक्त हुन्छ । नेपाली कांग्रेसमा पनि नेतृत्व हस्तान्तरण सहज हुनेछ, युवा पुस्तामा नेतृत्व आउने सम्भावना बढ्छ । दोस्रो पालोमा कांग्रेसले सरकारको नेतृत्व गर्दा गगन थापा प्रधानमन्त्री हुन सके राम्रै हुन्छ । यद्यपि यसै पटक गगन प्रधानमन्त्री बनून् भन्ने लोकप्रिय चाहना देखिन्छ ।

संसदीय प्रणालीमा दलभित्र प्रधानमन्त्री को हुने भन्ने विवादको निरूपण गर्ने थलो सम्बन्धित पार्टीको संसदीय दल हो । पार्टीमा मतदाताको लोकप्रिय समर्थन प्रतिनिधित्व गर्ने अंग पनि संसदीय दल नै हो । कांग्रेसमा यो अभ्यास स्थापित पनि छ । संसदीय दलमा बहुमत समर्थनको संकट भए प्रधानमन्त्रीले राजीनामा गर्नुपर्छ । त्यही कारणले २०५६ सालमा संसद्मा कांग्रेस पार्टीको एकल बहुमत छँदाछँदै कृष्णप्रसाद भट्टराईले प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । कम्युनिस्ट पार्टीमा त्यो अभ्यास संस्थागत हुन सकेको छैन । गत संसदीय कालमा खारेज भएको तत्कालीन सत्तारूढ नेकपामा ओली नेतृत्वमाथि त्यति चर्को विवाद हुँदा पनि यो मुद्दा कहिल्यै संसदीय दलमा लगिएन, माथिल्ला नेताहरूको पौंठेजोरीमा सीमित भयो । यहाँ अर्को विचारणीय पक्ष पनि छ, नेतृत्व भनेको बहुमतको प्राविधिकता मात्र पनि होइन; यो त टेक्ने आधारसम्म हो, मुख्य कुरा पार्टीमा एकता हो । एकता कायम गर्न नसक्ने नेताले पद छोडेर तल ओर्लनुपर्छ । तर हामीकहाँ पार्टीभन्दा व्यक्ति-नेतालाई ठूलो मान्ने दास प्रवृत्ति छ ।

कांग्रेस र एमाले पहिलो र दोस्रो दल तथा माओवादी तेस्रो दल भएको अवस्थामा सरकार फेरबदलको साँचो प्रचण्डले निकै घुमाए । यस पटकको संसद्मा त्यो भूमिकामा उनीसँग समानान्तर खेल खेल्न सक्ने (किङमेकर) हैसियत रास्वपाका रवि लामिछानेको पनि छ । तर अलगअलग भूमिकामा यिनले पनि त्यो खेल निर्णायक बनाउन सक्ने स्थिति छैन । 'हरूवा गोरुको छेरुवा दाउ' भनेजस्तै वाम एकताको कुरा पनि सुनिन्छ । तर छिमेकीको चलखेलबाहेक यो कार्ड खोटो प्रमाणित भइसकेको छ । नेपालको राजनीतिमा को वाम, को दक्षिण भनेर वर्गीकरण गर्नुको कुनै तुक छैन; सबै छासमिस छन् । त्यस्तै, कुन गठबन्धन पवित्र र कुन अपवित्र हो भनेर कोट्याउनुको पनि कुनै आधार छैन । संविधानका आधारभूत मूल्य र प्रक्रियामा टेकेर आवश्यकता र उपयोगिताका आधारमा दीर्घकालीन दलीय गठबन्धन एवं सत्ता साझेदारीको अभ्यास गर्न सकिन्छ । केही व्यक्तिका स्वार्थका कारण घरीघरी समीकरण बदल्ने जुन प्रवृत्ति छ, त्यसलाई रोक्न सके यो संसद्मा हालको सत्ता गठबन्धन र विपक्षी गठबन्धनले सन्तुलन एवं स्थिरता पाउन सक्छ । यसले संसद् र सरकार दुवैलाई व्यवस्थित बनाउँछ एवं राजनीतिमा केही सुधारको आशा पनि जगाउनेछ । यो चुनाव परिणामको सबैभन्दा सकारात्मक र अधिकतम उपलब्धि पनि त्यही हुनेछ ।

प्रतिनिधिसभाको पाँचवर्षे कार्यकाल संविधानमै निश्चित छ र त्यसलाई सर्वोच्च अदालतको फैसलाले पुनर्पुष्टिसमेत गरिसकेको छ । सायद यस पटक विघटनको दुर्घटना नदोहोरिएला । मुख्य चुनौती संसद्ले कसरी आफ्नो कामलाई व्यवस्थित र स्तरीय किसिमले सम्पादन गर्ने भन्ने हो । संसद्लाई जीवन्त बनाउने काम सत्तापक्ष र विपक्ष दुवैको हो ।

तर २०४८ सालदेखि नै हाम्रो संसदीय अभ्यासमा सत्तापक्ष अन्तर्कलहको सिकार र विपक्ष रमिते एवं अवरोधकको भूमिकाभन्दा माथि उठ्न सकेको छैन । विधेयकहरूमा गुणात्मक बहस हुँदैन । २०४८ सालदेखि निरन्तर र दशकौं सांसद भएका मानिस छन्, तर तिनले कुनै विषयविज्ञता स्थापित गर्न सकेका छैनन् । त्यस्तो विज्ञता स्थापित गर्न सके त्यो सांसदले बोल्न थालेपछि सत्तापक्ष र विपक्ष दुवै सावधानी र धैर्यसाथ सुन्न बाध्य हुन्छन् । पछिल्लो समयमा प्रदीप गिरिले केही हदसम्म त्यो हैसियत बनाएका थिए ।

तर उनको कुरा सबैले प्रशंसा त गर्थे, कसैले मान्दैनथे । गएको संसद्मा गगन थापाको प्रस्तुति विषयगत र राजनीतिक दुवै हिसाबले जोडदार थियो । कांग्रेस विपक्षमा छँदा उनले धर्म थामेका थिए, विपक्षी दलको नेता भनेर देउवालाई संसद्मा देख्नै पाइन्नथ्यो । उनी प्रधानमन्त्री ओलीको छाया नै थिए । प्रधानमन्त्री भएपछि पनि संसद्मा उनको प्रस्तुति नाम मात्रको थियो, महत्त्वपूर्ण मुद्दामा गगनले नै सरकारी प्रस्तावको वजनदार प्रतिरक्षा गर्थे ।

यस पटक संसदीय व्यवहारमा केही सुधार र गुणस्तर आशा गर्ने ठाउँ देखिन्छ । केही नयाँ अनुहार र पार्टी आएका छन् । नागरिक उन्मुक्ति पार्टीका बारेमा अहिले केही भन्न सकिन्न । थरुहट आन्दोलन र आकांक्षा यसको आधार भए पनि रेशम चौधरीमाथि वञ्चितिको प्रतिरोध वा लेनदेनमा यो केन्द्रित हुन सक्छ । रेशमको पारिवारिक छायाबाट यसका सांसद कति मुक्त हुन सक्छन्, परीक्षामै छ । सीके राउतको जनमत र रवि लामिछानेको रास्वपाहरूले केही नयाँपन र गुण दिन सक्छन्, यदि सत्ताको फोहोरी खेलबाट मुक्त रहन सके भने ।

राम्रो प्रतिपक्षका लागि संसद्मा धेरै सिट चाहिँदैन । सीकेले सत्ता गठबन्धनलाई सघाउने र सरकारमा सहभागी हुने भनेका छन् । यसले सत्ता गठबन्धनको स्थिरतालाई सुनिश्चित गरेको छ ।

तर सरकारमा सहभागी भएर चुनावमा अभिव्यक्त मधेशी चाहना कति सम्बोधित हुन्छ, विचारणीय छ । सरकारलाई बाहिरबाट समर्थन गरेर पनि संसद्मा स्वतन्त्र भूमिका खेल्न सकिन्छ । ओली नेतृत्वको विपक्षले संसद्लाई कुनै अर्थपूर्ण योगदान दिने विश्वास गर्न सकिन्न, सत्ताको फोहोरी खेलमा समीकरण तोडफोडबाहेक ।

रास्वपाले सुशासन र सुधारका मुद्दा लिएर आएको छ । प्रदेशको खारेजी र प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन यसले उठाएका नयाँ मुद्दा हुन् । हुन त यी दुइटै नयाँ विषय होइनन् । प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचनको कुरा दुई दशकअघिदेखिको हो ।

सरकार बनाउन र कायम राख्न बहुमत जुटाउने समस्या सर्वाधिक रहेको अवस्थामा संविधानमै संशोधन आवश्यक पर्ने विषयमा संसद् प्रवेश गर्ला भनेर अपेक्षा गर्न सकिन्न । तथापि संविधानको कार्यान्वयन, यसका संरचनामा रहेका कमीकमजोरीलाई केलाएर प्रभावकारी बनाउन भने सकिन्छ ।

त्यसका आधारमा संवैधानिक सुधार तथा संशोधनको तयारी पनि गर्न सकिन्छ । यदि यो संसद् पनि अन्तरदलीय वा प्रमुख दलहरूका आन्तरिक विग्रहका कारण अस्थिर रह्यो, सरकार चल्न सकेन भने निर्वाचन प्रणाली र प्रतिनिधिसभा विघटन नहुने संवैधानिक प्रावधानका बारेमा गम्भीर रूपले सोच्नुपर्ने हुन्छ ।

प्रतिनिधिसभाका बहुमत सदस्यको समर्थनमा विघटन र मध्यावधि वा छिटो चुनावमा जान सकिने विकल्प खोज्न सकिन्छ । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणालीमा पनि जान सकिन्छ ।सभार इकान्तिपुर

## प्रतिनिधिसभा.......

**नाम तय देखिन्छ ।**

**पर्साबाट नेकपा एमाले का विणा शर्मा र काग्रेसबाट राकेश सिंह मात्र समानुपातिक को निर्वाचित सदस्य मा पर्ने देखिन्छ ।**

## मंसिर ....

सर्राफको चिर आत्माको शान्तिको लागि शोक प्रस्ताव पारित गर्दै श्रद्धाञ्जली व्यक्त गरेको छ । सोमबार पत्रकार महासंघको भवनमा सम्पन शाखाको बैठकले स्वं सर्राफको १३ औ दिनको पुण्य तिथीमा श्रद्धाञ्जली सभा आयोजन गर्ने निर्णय पनि गरेको महासंघ पर्साका सचिव भूषण यादवले बताए । मंसिर २८ गते बुधबार श्रद्धाञ्जली सभाको आयोजन हुने छ । यस्तै बैठकले शाखाको बार्षिक साधारण सभा पुस १ गते गर्ने निर्णय गरेको छ । प्रदेश र केन्द्रको सधारण सभा भन्दा अगाडि नै जिल्लाको सधारण सभा गर्नु पर्ने केन्द्रीय परिपत्रको आधारमा पर्सा शाखाको सधारण सभा पुस ३ गते शुक्रबार गरिने निर्णय भएको सचिव यादवले बताए । नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा बैठक सम्पन भएको थियो । सधारण सभाको आवश्यक व्यवस्थापनको लागि अध्यक्ष तिवारी ,सचिव भूषण यादव र कोषाध्यक्ष संजिव मिश्रालाई जिम्मेवारी दिईएको छ ।

## बर्दिबास.....

निर्णय गरेको थियो । कलेजको पूर्वाधार निर्माण गर्न बर्दिबासमा पूर्वाधार निर्माण विकास आयोजना कार्यालय पनि स्थापना गरियो । तर, कार्यालय ४ वर्षदेखि कामकाजविहीन छ । बर्दिबाससँगै लुम्बिनी प्रदेशको रूपन्देही र कर्णाली प्रदेशको सुर्खेतमा निर्माण गर्ने निर्णय भएका मेडिकल कलेजको जग्गा प्राप्तिसँगै पूर्वाधार निर्माण अघि बढिसकेको छ ।

बर्दिबास नगरपालिका-४ स्थित माईस्थान सामुदायिक वन क्षेत्रको कुल ५४.५८४ क्षेत्रमध्ये बाक्लो जंगल नभएको करिब ४९ हेक्टर क्षेत्रमा मेडिकल कलेजको संरचना निर्माणका लागि डीपीआरदेखि माटो परीक्षणको कामसमेत सकिसकेको मेडिकल पूर्वाधार निर्माण कार्यालयले जनाएको छ । वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदनसमेत सम्पन्न गरी बुझाइसकिएको र जिल्ला डिभिजन वन कार्यालयले विवरण पनि पठाइसकेकाले वन तथा वातावरण मन्त्रालयले मन्त्रिपरिषद्मा फाइल पठाउन बाँकी छ । यही बेलामा मेडिकल कलेजविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेपछि काम अघि बढ्न नसकेको कार्यालयका प्रमुख देवी सुवेदीले बताए ।

०७८ मा डिभिजन वन कार्यालय महोत्तरीले सब डिभिजन वन कार्यालय बर्दिबासलाई विभागको मागबमोजिम विवरण पठाउन भनेको थियो । सव डिभिजन र डिभिजन वन कार्यालयले पठाएको विवरण हेरेपछि प्रदेशबाट अनुमोदन भएको फाइल केन्द्रमा पुगेपछि सर्वोच्चमा मुद्दा परेको हो । पर्यावरण अभियन्ता देवनारायण मण्डलले मुद्दा दिएका थिए ।

मेडिकल कलेज बर्दिबासमा बन्न नदिन झूटा प्रमाणको आधारमा सर्वोच्चमा मुद्दा दिएर यहाँको विकास रोक्न खोजिएको स्थानीयको आरोप छ । बर्दिबासमा बन्ने भनिएको मेडिकल कलेज कुनै घना जंगलमा नभएर हैसियत मासिएको वन क्षेत्रमा तोकिएकाले सोही ठाउँमा सरकारले कलेज बनाउनुपर्ने बर्दिबास-४ का सानु पुर्वछाने बताउँछन् ।

केही सामाजिक संस्था र चुरे बचाउने अभियानमा लागेका व्यक्तिहरूले घना जंगल मास्न नहुने भन्दै अन्यत्रको घना जंगल देखाएर बर्दिबासको विकासमाथि राजनीति गरेको उनको आरोप छ । समग्र प्रदेशको नै विकास हुने भएकाले बर्दिबासमा मेडिकल कलेज बनाउन सरकार पछि हट्न नहुने राष्ट्रिय सभाकी पूर्वउपाध्यक्ष शशिकला दाहाल बताउँछिन् ।

०७९ सम्म निर्माण सम्पन्न हुने गरी आफू शिक्षामन्त्री भएकै समय पारित भएको योजना अहिलेसम्म सुरु हुन नसक्नु दुखद भएको पूर्वशिक्षामन्त्री गिरिराजमणि पोखरेलले बताए ।

'मन्त्रीले योजना बनाउने हो । त्यो योजना सिस्टमले अघि बढेर काम सम्पन्न हुनुपर्नेमा म आफैं यस योजनाको पछिपछि लागिराख्नुपर्ने दुःखद कुरा हो,' उनले भने ।

प्रदेशका आठ वटै जिल्लाको केन्द्र र अन्य जिल्लालाई समेत सहज हुने अध्ययनले निष्कर्ष निकालेपछि बर्दिबासमा मेडिकल कलेज बनाउने निर्धारण गरिएको थियो । बर्दिबास नगरपालिका ४ स्थित माईस्थान सामुदायिक वनभित्रको माटो परीक्षण र वातावरणीय प्रभाव मूल्यांकनको कामसमेत सकिएको छ । प्रतिवेदनअनुसार ४९ हेक्टर क्षेत्रफलमा संरचना निर्माण गर्दा १ हजार ९ सय ६७ रूख काट्नुपर्ने उल्लेख छ । तर डीपीआर निर्माणका लागि परामर्श सेवा प्रदायक संस्था जेभीले भने संरचना निर्माणस्थलमा ३ देखि ४ सय रूख मात्रै काटिन सक्ने उल्लेख गरेको छ ।

एक हजार बेडको अस्पतालसहित मेडिकल बनाउन ३० अर्ब रुपैयाँ खर्चको अनुमान सरकारले गरेको छ । भप्सी खोलाको पश्चिम, अटब्बे खोलाबाट पूर्व, पूर्व-पश्चिम राजमार्गबाट उत्तर र बर्दिबास-४ को भप्सी बस्तीबाट दक्षिणको बाक्लो जंगल नभएको ठाउँमा संरचना निर्माण गर्ने योजना छ ।

योजनाका लागि हालसम्म सरकारले ६ करोड रुपैयाँ खर्च गरिसकेको छ ।

## अध्यक्षकै....

जितेको छ । रौतहट-१ मा गठबन्धनबाट उम्मेदवार बनेका पार्टी अध्यक्ष नेपाल ३३ हजार ५ सय ५२ मत पाई विजयी भए । प्रदेश सभातर्फ रौतहट-२ (१) मा एसका कनिष पटेल १० हजार ४ सय ५२ मत ल्याई विजयी भए ।

जिल्लामा प्रदेशसभाको समानुपातिकतर्फ कांग्रेस ५५ हजार १ सय ८१ मतसहित पहिलो स्थानमा छ । नेकपा एमाले ३४ हजार ९ सय ११ मतसहित दोस्रो स्थानमा छ । एसले ३३ हजार ७ सय १७ मत ल्याएको छ । एमाले विभाजन हुँदा जिल्ला कमिटी रौतहटका अधिकांश पदाधिकारी, सदस्यहरू, केन्द्रिय नेता एसमा लागेका थिए । एसका जिल्ला अध्यक्ष कमलराय यादवले जनताले दिएको मत परिणामलाई सामान्य रूपमा लिएको बताए । 'जनताको मतको कदर गर्नैपर्छ,' उनले भने, 'सधैं एकैनासको अवस्था रहँदैन । केही न केही फेरबदल भइरहन्छ ।' प्रत्यक्षतफ केन्द्रित रहँदा समानुपातिकतर्फ ध्यान कम भएको र मत कम आएको उनको भनाइ छ ।

**पत्रिका मागेर होईन किनेर पढ्ने बानी बसालौं ।**

# अध्यक्षकै गृहजिल्लामा एकीकृत समाजवादी तेस्रो

नेकपा (एकीकृत समाजवादी)

रौतहट – पार्टी अध्यक्ष माधवकुमार नेपालकै गृहजिल्ला रौतहटमा नेकपा एकीकृत समाजवादी समानुपातिकतर्फ तेस्रो भएको छ। प्रतिनिधि र प्रदेशसभाको समानुपातिक प्राप्त मतअनुसार एस तेस्रो स्थानमा छ। पहिलो नेपाली कांग्रेस र दोस्रो नेकपा एमाले भएका छन्।

जिल्ला निर्वाचन कार्यालय रौतहटका अनुसार प्रतिनिधिसभाको समानुपातिकतर्फ कांग्रेसले ६५ हजार ८ सय ४५ मत पाएको छ। त्यस्तै एमालेले ३८ हजार ३ सय २७ मत ल्याएको छ। एसले ३२ हजार ७ सय मत मात्रै पाएको छ। प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष निर्वाचनतर्फ भने जिल्लामा एसले एक-एक वटा सिट

***बाँकी तेश्रो पृष्ठमा***

# शिक्षा मन्त्रालयका बेवारिस कागजात

काठमाडौं – शिक्षा मन्त्रालयले आफ्ना पुराना कागजात वर्षौंदेखि बेवारिस छाड्दा केशरमहलको पुनर्निर्माणमा समेत अवरोध पुगेको छ। निर्माण कम्पनीले पुराना कागजातसहित काठपात हटाउन पटक/पटक ताकेता गरे पनि मन्त्रालयलगायत सरोकारवाला निकायले बेवास्ता गरेको गुनासो गरेको छ। केशरमहल परिसरमा शिक्षा मन्त्रालयसँग सम्बन्धित पुस्तक, प्रतिवेदन, निर्णयपुस्तिका, टिप्पणी, फाइल लगायत अन्य कागजात गलिसकेको अवस्थामा भेटिएको छ।

पुस्तकालय पुनर्निर्माण परिसरमा पुस्तक लगायत केही कागजात बेवारिसे देखिएपछि सामाजिक सञ्जालमा केशर पुस्तकालयका महत्त्वपूर्ण दस्तावेज कबाडमा बेच्न लागिएको हो कि भन्ने प्रश्न उठेको छ।

पुस्तकालय प्रमुख सुरेशकुमार यादवले केशर पुस्तकालयका पुस्तक, दस्तावेज लगायत सामग्री ४ वटा अस्थायी टहरा बनाएर सुरक्षित राखिएको जनाए। 'पुस्तकालयको सामग्री रकर्ड सहित सुरक्षित राखिएको छ,' उनले भने, 'केशरमहलमा पहिले शिक्षा मन्त्रालय, सम्पत्ति शुद्धिकरण विभाग, युनेस्कोको कार्यालय थियो, तिनैको पुराना कागजात पुनर्निर्माणको क्रममा हटाइएको हो।' निर्माण कम्पनी जेड सी जी आई/खानी जेभीले समेत यी निकायलाई ती कागजात हटाइदिन आग्रह गर्दै आएको थियो। करिब एक महिना मन्त्रालयको एनओसी र छात्रवृत्ति शाखा सानोठिमी सरेको थियो। कार्यालय सरेपछि भण्डारण गरेर राखिएको कागजात कम्पनीका कर्मचारीले बाहिर निकालेको त्यहाँका कामदारहरुले बताए। आयोजना व्यवस्थापक रनकान्त सपाकोटाले कागजात कुहिन थालेकोले फिजाएर सुकाएको बताए। 'हामीले कागजात सहित काठपात हटाउन भनेका थियौं, हटाइदिनु भएको छैन, मन्त्रालयलाई पत्राचार गर्दा कबाडमा बेच्ने कागजात हुन् भन्नु भएको छ,' उनले भने, 'केही किताब भेटिएर सुरक्षित राख्दिएका छौं।' शिक्षा मन्त्रालयका सहसचिव भगवान अर्याल लगायत कर्मचारी आएर पटक/पटक ती कागजात निरीक्षण गरी काम नलाग्ने भएको बताएका कामदारहरुले सुनाए। अर्यालकै निर्देशनमा कम्पनीले कागजात कबाडमा बेच्न लागेको पुस्तकालयका कर्मचारीहरुको भनाइ छ।

२०७२ को भूकम्प अघिसम्म शिक्षा मन्त्रालय सहितका ती निकाय केशरमहलमा थिए। पुनर्निर्माणका लागि ती निकाय हाल त्यहाँबाट हटाइएको छ। पुनर्निर्माण सकेपछि केशरमहलमा पुस्तकालय र चिकित्सा शिक्षा कार्यालयको स्थापना गर्ने तयारी छ। मन्त्रालयका प्रवक्ता दिपक शर्माले भूकम्प अघिका काम नलाग्ने कागजात त्यहीँ भण्डारमा रहेको जनाए। 'भूकम्पको बेला तत्काल प्रयोग हुने कागजात लगायत सामग्री लिएर सिंहदबार सर्‍यौं,' उनले भने, 'प्रयोग



नहुने कागजात त्यहीँ राखिएको हो।'

मन्त्रालयले काम लाग्ने कागजात भनेपनि कतिपय पुस्तकचाहिँ पुस्तकालयमा राख्न मिल्ने किसिमको रहेको कर्मचारीहरु बताउँछन्। काठमाडौंका सम्पदाहरुको तस्बीर रहेको ४४ वर्षअघि प्रकाशित पुस्तक, शिक्षाका पुरान ऐन निमयहरुको संग्रह लगायतका सयौं पुस्तक पनि फालिएको छ। 'शिक्षा मन्त्रालयले नै गैरजिम्मेवारी पूर्वक आफ्ना कागजात फालेर हिंडेको छ, कतिपय सामग्री त विद्यालयका पुस्तकालयलाई दिन सकिने खालका पनि छन्,' कम्पनीका एक इन्जिनियरले भने। फालिएका ठाउँबाट महत्त्वपूर्ण लागेका पुस्तकहरु कम्पनीका कामदारले टिपेर सुरक्षित राख्ने गरेका छन्।

शिक्षा मन्त्रालयले भने अनावश्यक कागजात मात्रै नष्ट गरिएको जनाउँदै केशर पुस्तकालयका सबै कागजात सुरक्षित रहेको बताएको छ।

'केशर पुस्तकालय सुरक्षित छ,' पुस्तकालयका सूचना अधिकारी नानीराम कार्कीले कान्तिपुरसित भने, 'पाठकलाई सेवा दिने काम अस्थायी टहराबाट भइरहेको छ।' पुराना कागजात नष्ट गर्ने र बेच्ने काम भइरहेको छ भन्ने सुनियो नि ?

'त्यो गलत हो, शतप्रतिशत सत्य होइन,' सूचना अधिकारी कार्कीले भने, 'कसरी हल्ला चल्यो थाहा भएन। यसअघि पुराना काम नलाग्ने फर्निचरहरूलाई पुस्तकालय, सुरक्षाकर्मी र ठेकेदार बसेर धुलो व्यवस्थापन गर्ने काम गरेका हौं। तर कुनै पुस्तक नष्ट गर्ने काम भएको छैन।' **साभार इकान्तिपुर**

# बर्दिबास मेडिकलको जग्गा प्राप्तिमै अलमल



महोत्तरी – महोत्तरीको बर्दिबासमा निर्माण गर्ने भनिएको मेडिकल कलेजको काम जग्गा प्राप्ति नहुँदा रोकिएको छ। जग्गा प्राप्तिमा अवरोध हुँदा सरकारले मेडिकल कलेज बनाउने निर्णय गरेको सात वर्षसम्म पनि काम अघि बढ्न नसकेको हो।

२०७२ मा मन्त्रिपरिषद्ले बर्दिबासमा प्रदेशस्तरीय मेडिकल कलेज बनाउने

***बाँकी तेश्रो पृष्ठमा***

# बराबाट सिंचाइ कार्यालय परिसरबाटै गाडीका ब्याट्री चोरी ।



बारा। कलैया उपमहानगरपालिका वडा नम्बर ५ मा रहेको सिंचाइ कार्यालय परिसरमा रहेका ५ वटा गाडीका ७ वटा ब्याट्री चोरी भएको छ। कलैया उपमहानगरको ग्रेडरको १५० एम्पियरका २ वटा ब्याट्री र ५ वटा ट्याक्टरका १०० एम्पिपयरका ५ वटा ब्याट्री चोरी भएको नगर प्रमुख बिनोद साहले जानकारी दिए।

७ जना ट्राफिक प्रहरी र ४ जना कलैया उपमहानगरपालिकाका स्टाफ बस्ने गरेको स्थानबाटै चोरी हुनु लज्जास्पद भएको प्रमुख प्रशासकीय अधिकृत नाथु साहले बताए। साहले लगभग ३ लाखको हाराहारीमा पर्ने ब्याट्री चोरी भएको बताए।

अस्थायी ट्राफिक पोस्ट कलैयाको प्रांगणबाट सो मात्रामा चोरी हुनुलाई अत्यन्तै गम्भीरताका साथ लिनुपर्ने मेयर साहले जनाएका छन्। चोरी भए पनि आजैबाट नयाँ ब्याट्री जडान गरेर भएपनि सरसफाइ महाअभियानलाई जारी राख्ने मेयर साहले बताए।

बारामा पछिल्लो समयमा चोरीको घटनामा वृद्धि हुँदा नागरिक समाज चिन्तित भएको नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले बताए। जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक राजेश थापाले चोरी भएको विषयमा अनुसन्धान शुरु गरेको र यथाशीघ्र चोरलाई पक्राउ गर्ने बताएका छन्।

# कहिले.....

नागरिकको ऐक्यबद्धता र सहकार्यबिना एउटा कुनै अमुक निकायले मात्र भ्रष्टाचार नियन्त्रण गर्छु भन्नु दिवास्वप्न हो।महारोग हो, भ्रष्टाचार। विकास निर्माणका आर्थिक गतिविधिसँग मात्र होइन, नागरिकका सामान्यभन्दा सामान्य आवश्यकता र सुविधासँग पनि जोडिएका हुन्छन्। सरोकार निकायहरूको दृष्टि नपुगेको भन्ने पनि होइन। शिक्षा स्वास्थजस्ता सामान्य आधारभूत आवश्यकतामा पनि खेल खेलिन्छ।

निर्माण र विकासमा बिचौलिया चलाइन्छ। आफूविरुद्धका प्रमाण रातारात जलाइन्छ, अनि धन कमाउन सबै अस्त्र चलाइन्छ।

भ्रष्टाचार नियन्त्रणका लागि विशेष ऐन, कानुनहरू नबनेका पनि होइनन्। बनेका कानुनहरू कति कमी होलान्, कति पर्याप्त होलान् त कति आवश्यकभन्दा बेसी पनि होलान् ?

रोगका निदान र उपचारका संयन्त्रहरू पनि सक्रिय नै छन्। तर भ्रष्टाचारको जरो भने जहींको तहीँ छभन्दा अत्युक्ति नहोला। सन् २०२१ मा ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई)ले जर्मनीमा सार्वजनिक गरेको सीपीआईअनुसार नेपालले ३३ अंक प्राप्त गरेको छ। १ सय ८० मुलुकको वरीयताक्रममा नेपाल १ सय १७औं स्थानमा छ। सन् २०२० मा पनि नेपालको स्कोर ३३ अंक नै थियो।

किताबका पानाहरूमा ऐनका दफाहरू लेखिँदैमा भ्रष्टाचार नियन्त्रण हुने होइन। कार्यान्वयन पक्ष प्रभावकारी हुनुपर्छ। सबैमा आफैंलाई बदल्ने इच्छाशक्ति हुनुपर्छ। के गर्दा आफू फसिँदैन होइन। के गर्दा नेपाली फस्दैनन् भन्ने सोच हुनुपर्छ। बदनियत नराखे हुँदैन कानुनको बर्खिलाप।

अरू अनेक समस्याको पछि नलागौं, काम नपाउँदाको दिन भोकै बस्नुपर्छ। बेरोजगारले गाँज्दैछ। कृषि प्रधान मुलुकमा मल हाहाकार हुन्छ। विकासका नाममा बिचौलियाका चलखेल हुन्छन्। आर्थिक अनियमितता हुन्छन्। जताततै घुसखोरी र भ्रष्टाचार मौलाउँदो छ। सीप र स्वाभिमानमा जिउन सिकाउ। कागजका पानाहरूमा मात्र होइन, सम्पूर्ण नेपालीको मन र मस्तिष्कमा दृढ संकल्प हुनुपर्छ। आफूले आफैंलाई न ढाँट्न सकिन्छ न सामुन्ने रहेको ऐनाले नै झुट बोल्छ।

दोष लगाउँदैमा वा जिम्मेवारी पन्छाउँदैमा भ्रष्टाचार न्यूनीकरण हुने होइन। सरोकारवाला निकाय एवं वर्गहरू जिम्मेवार बन्न सक्नुपर्छ। दण्डहीनताको जगमा भ्रष्टाचारको प्रणाली निर्माण भएको हुन्छ। दण्डहीनतालाई ध्वस्त नपारेसम्म भ्रष्टाचार नियन्त्रणका प्रयासहरू व्यर्थ हुन्छन्। सूचनाको पहुँचबिना समस्याहरू समाधान हुँदैनन्। मन, वचन र कर्मले काम गरौं। नारामा होइन व्यवहारमा देखाऔं। एउटाले होइन सबैले भनौं भ्रष्टाचारमुक्त नेपाल बनाऔं। **साभार अन्नपूर्णपोष्ट्**






## मोटरसाइकल चोरी भएको सूचना

मिति २०७९/०८/१५ गतेका दिन स्किल्स फर अल प्रा.लि. वीरगंजको नाममा रहेको प्र.०२-०३-००८ प ४७२८ नम्बरको १५० सिसिको कालो रङ्गको पल्सर मोटरसाइकल राती २:४० बजेको समयमा वीरगंज महानगरपालिका वडा नं. १४ राधेमाई टोल मिना देवीको घर आँगनमा पार्किङ्ग गरी राखेको अवस्थामा चोरी भएको हुंदा देख्नु हुने महानुभावहरुले मोबाइल नं. ९८५५०४३७४३/९८०७२६११०२ वा नजिकको प्रहरी कार्यलयमा खबर गर्नहुन विनम्र अनुरोध गर्दछु।

चेचिस नम्बर : MD2A11CY4LPK-1946

इन्जिन नम्बर : DHYRLK-77482